# महालक्ष्मी राजपत्र

**खण्ड : ४ संख्याः ११, मिति २०७७/१२/९**

## भाग – २

# महालक्ष्मी नगरपालिका

## महालक्ष्मी नगरपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

**प्रस्तावनाः**

महालक्ष्मी नगरपालिकाको नीति, कानुन, तथा आदेशहरुलाई कार्यान्वयन गर्नका लागि नेपालको संविधान बमोजिम नगरपालिकाले सम्पादन, कार्यान्वयन, नियमन गर्नुपर्ने कार्यका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) क. र महालक्ष्मी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी महालक्ष्मी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

# परिच्छेद - १
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "**महालक्ष्मी नगरपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७**" रहेको छ ।

(२) यो कार्यविधि महालक्ष्मी राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

**२. परिभाषाः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः–**

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले महालक्ष्मी नगरपालिका, नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले नगरकार्यपालिका कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले नगर कार्यपालिकाले समय समयमा निर्णयगरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले महालक्ष्मी नगरपालिका, ललितपुरलाई सम्झनु पर्दछ ।

(च) "नगर प्रहरी" भन्नाले महालक्ष्मी नगरपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

(छ) "नगर सभा" भन्नाले नगरपालिकाको सभालाईसम्झनु पर्दछ ।

(ज) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख

प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ञ) “समिति” भन्नाले दफा ६ बमोजिम गठन भएको पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## सेवा गठनसम्बन्धी व्यवस्था

**३. नगर प्रहरी सेवाको गठनः** (१) नगरपालिकामा एक नगर प्रहरी सेवा र हनेछ । नगर प्रहरी सेवा अन्तर्गत **अनुसूची – १** मा उल्लिखित दरबन्दी बमोजिमको प्रहरी कर्मचारीको तह तथा पदहरु रहनेछन् । उक्त अनुसूची बमोजिमको दरबन्दी यो कार्यविधि स्वीकृत भएपछि बस्ने नगरसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

## परिच्छेद -३
## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

**४. नगर प्रहरीको काम, कर्तव्य र अधिकारः** (१) नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्न सहयोग गर्ने,

(ख) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(ग) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा, जात्रा तथा चाडपर्वको सुरक्षा व्यवस्था गर्ने,

(घ) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने,

(ङ) नगर सरसफाई सम्बन्धी कानुन तथा मापदण्ड कार्यान्वयन गराउने,

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयनमा सहयोग गर्ने,

(छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने,

(ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापन कार्यमा सहयोग गर्ने,

(झ) अनधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण गर्ने,

(ञ) छाडा पशु चौपायाको नियन्त्रण गर्ने,

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,

(ठ) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामग्री, पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने र नमानेमा आफै हटाई, हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्ति वा निकाय बाट असूल उपर गर्न सोको विवरण कार्यालयमा पेश गर्ने,

(ड) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, खोला नाला, चोक, पोखरी मिचि कसैले घर, कम्पाउण्ड,टहरा वा अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन सो को प्रतिवेदन पेश गर्ने तथा सो सम्बन्धमा कार्यालयबाट भएको आदेश कार्यान्वयन गर्ने,

(ढ) नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सा पास भए नक्सा पासको प्रमाण पत्र सहितको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरीत

निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने,

(ण) स्वास्थ्यका लागि हानिकारक वस्तु तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने  तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारकवस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने,

(त) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी तथा जीवजन्तुको मासु बिक्रि वितरणमा रोक लगाउने ।

(थ) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने तथा मरेका जीवजन्तु समयमै उचित ब्यबस्थापन गर्ने,

(द) जोखिम उत्पन्न हुने रुख ,घर, पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र आदेश भए बमोजिम गर्ने,

(ध) वडा समिति, टोल बिकास संस्था, तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा कायम गर्ने र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने,

(न) नगर कार्यपालिका, समिति, उपसमिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयनमा सहयोग गर्ने,

(प) विना ईजाजत पेशा, व्यवसाय संचालन गरेको फेला परेमा पेशा व्यवसायको दर्ता तथा नवीकरण गर्न लगाउने,

(फ) नगर क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिबन्ध लगाउने अटेर गर्नेलाई कारवाही गर्ने,

(ब) नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा नगरपालिकाको तर्फबाट आदेश बमोजिम प्रतिनिधित्व गर्ने,

(भ) बजार अनुगमन कार्यमा अनुगमन समितिलाई सहयोग गर्ने,

(म) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा विना स्वीकृत संचालन भएका जादु, सर्कस, जुवा लगायतका अनाधिकृत क्रियाकलापमा रोक लगाउने ,

(य) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनी उत्पादन गर्ने यन्त्र उपकरण प्रयोग गर्न नदिने,

(र) ध्वनि, धुवाँ, प्रकाश वा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी संचालन भएका उद्योग धन्दा सञ्चालनमा रोक लगाउने,

(ल) विपद्उत्पन्न भएमा उद्धार, राहत बितरण र पुनर्स्थानाका कार्यमा तुरुन्त खटी जाने ।

(व) नगरपालिका कायार्लय, शाखा, उपशाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्न सहयोग गर्ने,

(श) नगरपालिका अर्न्तगतका शाखा उपशाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने,

(ष) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने

(स) कार्यालयको सुरक्षा व्यवस्थापन गर्ने,

(ह) नगरपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने,

**५. योग्यताः** नगर प्रहरी पदमा उम्मेदवार हुन देहाय बमोजिमको योग्यता आवश्यक पर्नेछ :

(क) २० वर्ष उमेर पूरा भई ३५ बर्ष ननाघेको **तर नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट स्वच्छिक अवकाश प्राप्त वा सेवा निवृत्तभएकाहरुको हकमा ४0 वर्ष ननाघेको ।**

(ग) नगर प्रहरी नायब निरीक्षक र नगर प्रहरी सहायक निरीक्षक पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट १२ कक्षा वा प्रमाणपत्र तह वा सोसरह उत्तीर्ण भएको रनगर प्रहरी जवानको लागि कक्षा ८ उत्तीर्ण गरेको तर नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीबाटस्वच्छिक अवकाश प्राप्त वा सेवा निवृत्त भएकाहरुको हकमा सेवाबाट अवकाश हुँदाको पदमा उम्मेद्वार (ग) बमोजिमको शैक्षिक योग्यता आवश्यक नपर्ने ।

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(ङ) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

(च) मानवअधिकार र मानवीय कानुनको उल्लङ्घनमा सजाय नपाएको ।

(छ) महिलाहरुका लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।

(ज) छाती - नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(झ) आँखा - माइनस १ वा प्लस १ भन्दा बढी कमजोर नभएको ।

(ञ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(ट) नेपाली नागरिक

(ठ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी कुनै पनि सेवा बाट नहटाइएको ।

**६. पदपूर्ति समितिः** (१) यस कार्यविधि बमोजिम करार सेवामा नगर प्रहरी सेवाको पदमा पदपूर्ति गर्दा देहाय बमोजिमको पदपूर्ति समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक,

(ख) प्रमुखले तोकेको विज्ञ १ जना - सदस्य,

(ग) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(२) समितिमा आवश्यकता अनुसार अन्य विज्ञ एवम् कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिका सदस्यहरूलाई नियमासार बैठक भत्ता उपलब्ध गराइनेछ ।

**७. पदपूर्तिः** नगर प्रहरी कर्मचरीहरूको पदपूर्ति सेवा करारका आधारमा हुनेछ । सेवा करारको प्रक्रिया देहायबमोजिम हुनेछः

(१) नगर प्रहरी कर्मचारीको पदमा सेवाा करार गर्दा **अनुसूची २** बमोजिमको ढाँचामा कम्तीमा १५ (पन्ध्र) दिनको सूचना

(२) आवेदन फाराम **अनुसूची ३** बमोजिम हुनेछ ।

(३) नगर प्रहरी नायब निरीक्षक पदका लागि रु. ४००, नगर प्रहरी सहायक निरीक्षक पदका लागि रु. ३०० र नगर प्रहरी जवान, नगर प्रहरी भान्छे र नगरी प्रहरी सवारी चालकका लागि रु. १०० आवेदन दस्तुर बुझाउनु पर्नेछ ।

(४) दरखास्त दिएका उम्मेदवारहरू मध्येबाट दफा ५ बमोजिम योग्य

देखिएका उम्मेदवारलाई समावेश गरी योग्य उम्मेदवार सूची प्रकाशन गरिनेछ । योग्य उम्मेदवार सूचीमा नपरेका उम्मेदवारलाई छनोट प्रक्रियामा समावेश गरिने छैन ।

(५) उपदफा २ बमोजिम पर्न आएका आवेदनहरू देहायको आधारमा पदपूर्ति समितिले मूल्याङ्कन गरी योग्यताक्रम निर्धारण गर्नेछ ।

**क) शारीरिक तन्दुरस्ती परीक्षण:** शारीरिक तन्दुरस्ती परीक्षण बापत ४० अङ्क प्रदान गरिनेछ । शारीरिक तन्दुरस्ती परीक्षणको प्रकार र तरिका समितिले तोकेबमोजिम हुनेछ ।

ख) शैक्षिक योग्यता बापत बढीमा १० अङ्क: शैक्षिक योग्यता वापत दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम योग्यता वापत निम्न बमोजिम अंक प्रदान गरिने छ ।

प्रथम श्रेणी बापत - १०

द्वितीय श्रेणी बापत - ७.५

तृतीय श्रेणी बापत - ५

**(ख) कार्य अनुभव बापत बढीमा १० अङ्क:** सुरक्षा सम्बन्धी विषयमा काम गरेको अवधि वापत अनुभव वापतको अंकप्रति वर्ष २ अङ्कका दरलेअङ्क प्रदान गरिनेछ (प्रमाणित विवरण संलग्न भएको हुनुपर्नेछ) तर एक वर्षभन्दा कम अवधिका लागि अनुभवलाई अङ्क प्रदान गरिने छैन ।

**ग) स्थानीय बासिन्दालाई देहायबमोजिम अङ्क प्रदान गरिनेछ:**

(१) महालक्ष्मी नगरपालिकाको बासिन्दा भएमा : १० अङ्क

(२) ललितपुर जिल्लाको बासिन्दा भएमा : ५ अङ्क

**(घ) अन्तर्वार्तामा अधिकतम ३० अङ्क**

**८. विवरण प्रकाशन गर्ने :** (१) दफा ७ बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरु दफा ६ बमोजिमको समितिको सिफारिसको आधारमा कार्यालयले उम्मेदवारहरुको रोल नम्बर, नामथर, ठेगाना समेत उल्लेख गरी योग्यता क्रम अनुसार छनोट भएका उम्मेदवारहरुको विवरण प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण प्रकाशन गर्दा पद सङ्ख्या कै बराबरको सङ्ख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ । तर आवेदन नै कमपरेको अवस्थामा कम उम्मेदवार विवरण प्रकाशन गर्न बाधा पुगेको छैन ।

(३) उपदफा (१) बमोजिमका योग्यता क्रममारहेका उम्मेदवारलाई छिटो सञ्चारमाध्यमबाट जानकारी गराई कार्यालयले सोको अभिलेख समेत राख्नुपर्नेछ ।

**(९) करार गर्नेः** (१) कार्यालयले सिफारिस भएका मुख्य उम्मेदवारलाई ७ (सात) दिनको म्याद दिईकरार गर्न सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र करार सम्झौता गर्न आउने उम्मेदवारसँग कार्यालयले कार्य विवरण सहित **अनुसूची–४** बमोजिमको ढाँचामा करार सम्झौता गर्नुपर्नेछ । उक्त अवधिभित्र सम्पर्कमा नआएमा वा करार सम्झौता गरेका प्रहरी कर्मचारीले राजीनाा दिएमा वाकरार भङ्ग भएमा वा थप प्रहरी कर्मचारी आवश्यक भएमाक्रमशस वैकल्पिक उम्मेदवारलाई सूचना दिईकरार गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम करार गरे पश्चात **अनुसूची–५** बमोजिमको नमुना

पत्रानुसारको करार पत्र कार्यालयले दिनु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिम करार गर्दा सामान्यतः आर्थिक वर्षको आधारमा गरिने छ। कार्यालयको आवश्यकताका आधारमाकरार सम्झौताको म्याद थप गर्न सकिने छ ।

(५) नगर प्रहरी नायव निरिक्षकले प्रहरीसेवााको नेतृत्व गर्नेछ ।

(६) कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ महिना अगाडि कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई नगरपालिकाले पुनःकरारमा काम लगाउने छैन ।

**१०. पारिश्रमिक, सुविधा :** (१) यस कार्यविधि बमोजिम सेवा करार गरिएका नगर प्रहरी कर्मचारीहरुको पारिश्रमिक एवम् अन्य सेवासुविधा नगर कार्यपालिकाले तोकेबमोजिम सम्झौता अनुसार हुनेछ ।

(२) यस कार्यविधि बमोजिम कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनका लागि कुनैपनि दाबी गर्न पाउने छैन ।

**११. पोसाक, दर्ज्यानी चिह्न र हतियार:** नगर प्रहरी कर्मचारीको पोसाक तथा दर्ज्यानी चिह्न र हतियारसम्बन्धी व्यवस्था नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

१२. करार समाप्ति (१) यस कार्य विधि बमोजिम करार गरिएको पद सम्झौता बमोजिम स्माप्ति हुनेछ ।

(२) करार सम्झौता गरिएको कर्मचारीको कार्य सन्तोषजनक नभएको भनि कार्यरत विषयगत शाखा वा कार्यालयले सिफारिस गरेमा प्रमुखले आवश्यक छानविन गर्न लगाई सफाइको मौका दिई कार्यालयले जुनसुकै

अवस्थामा करारबाट हटाउन सक्नेछ ।

**१३. बाधा अडकाउ फुकाउः**

यो कार्यविधिमा उल्लिखितब यवस्था कार्यान्वयनमा कुनै समस्या वाद्वि विधा उत्पन्न भएमा नगर कार्यपालिकाबाट अनुमोदन गराउने गरी नगर प्रमुखले बाधा अडका उफुकाउने आदेश दिन सक्नेछ ।

**१४. विविधः** यस कार्यविधि कार्यान्वयनका क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानुनसँग नबाझिने गरी नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

# अनुसूची - १

**(दफा ३ सँग सम्बन्धित)**

**नगर प्रहरीको दरबन्दी र पदको विवरण**

| क्र.सं. | पद | संख्या |
|---|---|---|
| १ | नगर प्रहरी नायब निरीक्षक | १ |
| २ | नगर प्रहरी सहायक निरीक्षक | २ |
| ३ | नगर प्रहरी जवान | १० |
| ४ | नगर प्रहरीजवान (भान्छे) | १ |
| ५ | नगर प्रहरी जवान (सवारी चालक) | १ |
| जम्मा | | १५ |

# अनुसूची - २

**(दफा ७ उपदफा (१) सँगसम्बन्धित)**

**करारमा सेवा लिने सम्बन्धी सूचना**

**(सूचना प्रकाशित मितिः २०७   /...**

महालक्ष्मी नगर पालिकाको लागि...........................................(पद) को रुपमा देहायको सङ्ख्या र योग्यता भएको नगर प्रहरी कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिनहुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फाराम, दरखास्त दस्तुर, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट उपलब्ध हुनेछ ।

| पदनाम | सङ्ख्या |
|---|---|
| | |
| | |
| | |

**योग्यता र अनुभव (नमुना)**:

१. नेपाली नागरिक ।

२. न्यूनतम योग्यता

३. अनुभव:

४. उमेर:

५. निरोगिताको प्रमाणपत्र (मान्यता प्राप्त चिकित्सकबाट प्रमाणित भएको)

६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

दरखास्तमा संलग्न गर्नुपर्ने: उम्मेदवारको व्यक्तिगत विवरण शैक्षिक योग्यताको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवकोप्रतिलिपि संलग्न हुनुपर्ने छ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।

# अनुसूची -३

**(दफा ७ उपदफा (२) सँग सम्बन्धित)**

**आवेदन फारामको ढाँचा**

**महालक्ष्मी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय**

**ललितपुर**

**बागमती प्रदेश, नेपाल**

(क) वैयक्तिक विवरण

| | | | |
|---|---|---|---|
| नाम, थर (देवनागरीमा) | | | |
| अङ्ग्रेजी ठूलो अक्षरमा) | | | |
| लिङ्गः | वर्णः | उचाइः | छातीको साइजः |
| हालको उमेर वर्षः | महिनाः | | |
| नागरिकता नं. | जारी गर्ने जिल्लाः | | जारी मितिः |
| स्थायी ठेगाना | जिल्लाः | म.न.पा./उ.म.न.पा./ न.पा/गा.पा. | वडा नं. |
| घ) टोलः | ङ) मार्ग/घर नं. | | च) फोन नं |
| पत्राचार गर्ने ठेगानाः | | | ईमेलः |
| बाबु/पतिको नामथरः | | | जन्म मितिः<br>वि.सं.<br>ईस्वी सं. |
| बाजे/ससुराको नाम, थरः | | | |

(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/ बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/ तालिम | सङ्काय | श्रेणी/प्रतिशत | मूलविषय |
|---|---|---|---|---|---|
| शैक्षिकयोग्यता | | | | | |
| | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(ग) अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समूह/ उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/ करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखी | सम्म |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएकोपदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटेवा लुकाएको ठहरिएमा प्रचलित कानून वमोजिम सहनेछु/बुझाउनेछु ।

| उम्मेदवारको ल्याप्चे सही छाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मितिः |

<table>
<tr><td colspan="2">कार्यालयले भर्नेः</td></tr>
<tr><td>रसिद/भौचर नं. :</td><td>रोल नं. :</td></tr>
<tr><td colspan="2">दरखास्त अस्वीकृत भएसोको कारण :</td></tr>
<tr><td>दरखास्त रुजु गर्नेको नाम र<br>दस्तखतः<br>मितिः</td><td>दरखास्त स्वीकृत गर्ने<br>दस्तखत<br>मितिः</td></tr>
</table>

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्न लिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) समकक्षतार सम्बद्ध आवश्यक पर्नेमा सोको प्रतिलिपि

(३) न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्र र चारित्रिक प्रमाणपत्रका प्रतिलिपि, तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि आदि ।

## अनुसूची -8

**(दफा ९ उपदफा (२) सँग सम्बन्धित)**

**करार सम्झौताको ढाँचा**

महालक्ष्मी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, ललितपुर (यस पछि पहिलो पक्ष भनिएको) र................................................जिल्ला ........................म.न.पा./उ.म.न.पा./न.पा/गा.पा.,वडा नं.................. बस्ने.......................................(यस पछि दोश्रो पक्ष भनिएको)का बीच महालक्ष्मी नगरपालिकाको..........................(पद) को कामकाज गर्न गराउन मिति......।.......।...... को निर्णयानुसार देहायका कार्य/शर्तकोअधीनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझी लियौं दियौं :

१. कामकाज सम्बन्धमा : दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ ।

२. काम गर्नुपर्ने स्थान

३. पारिश्रमिक : प्रत्येक महिना व्यतित भएपछि , पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु.................(अक्षरेपी रु................) पारिश्रमिक र ...........उपलब्ध गराउनेछ ।

४. आचरणको पालनाः दोश्रो पक्षले महालक्ष्मी नगरपालिकाले आचरण तथा अनुशासन सम्बन्धीव यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. विदाः दोस्रो पक्षले वर्षको १२ दिन भैपरी विदा पाउनेछ । दोस्रो पक्षले कार्यालयको आवश्यकता बमोजिम २४ सै घण्टा सेवा प्रदान गर्नुपर्नेछ । कार्यालयलाई आवश्यक परेको खण्डमा बिदाको दिनमा समेत सेवा उपलब्ध गराउनु पर्नेछ । यस्तो विदा नगर प्रहरी इन्चार्जले

आलोपालो मिलाई स्वीकृत गर्नेछ ।

६. कार्यालय सम्पत्तिको सुरक्षाः दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सोको क्षतिपूर्ति वा हानीनोक्सानीको बिगोदोश्रो पक्षले पहिलोपक्षलाई दिनुपर्नेछ ।

७. गोप्यताः दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानीनोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८. करार अवधिः यो करार मिति......।..........।......देखी लागु भई मिति ...........सम्मको लागि हुनेछ ।

९. कार्यसम्पादन मूल्याङ्कनः पहिलो पक्षले दोस्रो पक्षको कार्यसम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा साल वसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको बुंदा ९ बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१०. पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिनभन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा , सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामा साहिले कट्टा गरिनेछ र सो भन्दा बढी अवधी सेवा नगरेमा स्वतः यो संभ्कौता पहिलो पक्षले रद्ध गरी अर्को ब्यवस्था गर्न वाधा पर्ने छैन । दोश्रो पक्षले शारीरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसंगको

संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

११. दावी नपुग्नेः दोश्रो पक्षल यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्तिका लागि दाबी गर्न पाउने छैन/गर्ने छैन ।

१२. प्रचलित कानून लागूहुनेः यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

महालक्ष्मी नगरपालिकाको तर्फबाट
हस्ताक्षर :
नाम :
पद :

दोस्रोपक्ष (करार गर्ने व्यक्ति):
हस्ताक्षर :
नाम :
ठेगानाः

**अनुसूची -५**
**(दफा ९ उपदफा (२)सँगसम्बन्धित)**
**करारपत्र**

मितिः

श्री ......................

**विषयः करार सम्बन्धमा**

तपाईलाई मिति........।.....।.... निर्णयानुसार...............(पदको नाम वा काम) का लागि यसै साथ संलग्न करार (सम्झौता) बमोजिम मिति.........।......।... देखि लागु हुने गरी .........।.....। .... सम्मका लागि करार सेवामा राखिएको हुँदा संलग्न कार्य शर्तअनुरुप आफ्नो काम इमान्दारी पूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ।

साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस नगरपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचार संहितार आचरणको समेत परिपालना हुन जानकारी गराइन्छ। नगर प्रहरीको पदमा करार सेवामा नियुक्त हुनु भएकोमा बधाई छ।

**प्रमाणीकरण मिति : २०७७/१२/८**

**आज्ञाले**
**पुरुषोत्तम सापकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**
**महालक्ष्मी नगरपालिका, ललितपुर ।**